मिति २०७५ साल बैशाख १३ गते

**प्रस्ताव नं. १५ :स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिको गठन सम्वन्धमा ।**

निर्णय नं. १५ : प्रस्ताव नं. १५ माथि छलफल यस टीकापुर नगरपालिकामा विपद् तथा जलवायु उत्थानशिल कार्यको व्यवस्थापन, समन्वय र तोकीएका कार्य गर्न तपसील वमोजिमको नगर स्तरीय विपद् तथा जलवायु उत्थानशिल समिति गठन गर्ने निर्णय गरियो ।

तपसील

| क.सं. | पद | नाम, थर | कैफियत |
|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख श्री तपेन्द्र वहादुर रावल | |
| २ | सदस्य | उपप्रमुख श्री केशरी रावल विष्ट | |
| ३ | सदस्य | श्री गंगाराम आचार्य<br>श्री प्रकाश वहादुर वुढा<br>श्री रामसेवक महता<br>श्री लालविर चौधरी<br>श्री रामशंकर ड. थारु<br>श्री वलिराम चौधरी<br>श्री रामलाल ड.थारु<br>श्री रामलाल ड.थारु<br>श्री लौटन चौधरी | (वडाध्यक्ष वडा नं. १ देखि ९ सम्म) |
| ४ | सदस्य | श्री उपमा देवी के.सी.<br>श्री सिता देवी चौधरी<br>श्री सञ्जा देवी ओड<br>श्री शोभा नगार्जी<br>श्री शान्ति देवी डगौरा थारु<br>श्री रमेश वि.क.<br>श्री डम्मर राजी<br>श्री अक्कल वहादुर माझी | कार्यपालिका महिला, दलित, अल्पसंख्यक सदस्य |
| ५ | सदस्य | विषयगत विभाग/शाखा प्रमुख | टीकापुर नगर कार्यपालिका कार्यालय |
| ६ | सदस्य | श्री ससत्र प्रहरी बल उग्रतारा गण, टीकापुर<br>श्री ईलाका प्रहरी कार्यालय , टीकापुर | |
| ७. | सदस्य | श्री नेपाल रेडक्रस सोसाइटी टीकापुर उपशाखा<br>श्री उद्योग वाणिज्य संघ टीकापुर<br>श्री काशीराम ढुंगाना, ने.स्काउट राष्ट्रिय आयुक्त<br>श्री. टीकापुर जेसिस<br>श्री नन्द सिंह वोहरा, वि.व्या.स.अध्यक्ष | नगर सभाबाट अनुमोदन हुने गरी |
| ८. | सदस्य | श्री ...................... | विपद् व्यवस्थापन विज्ञ |
| ९. | सदस्य सचिव | श्री देवी प्रसाद आचार्य | |

क.सं.८ वमोजिमको सदस्य तोक्ने जिम्मा यसै समितिलाई दिने निर्णय गरियो ।

**(यस समितिको पदावधि बढीमा ३ वर्षको रहने र पदेन सदस्य वाहेक आवश्यकता अनुसार समितिको सदस्य परिवर्तन गर्न सकिनेछ ।)**

**प्रस्ताव नं. १६ :चालु आ.व.का योजना कार्यान्वयन सम्वन्धमा ।**

**निर्णय नं. १६ :** प्रस्ताव नं.१६ माथि छलफल गर्दा यस टीकापुर नगरपालिका अर्न्तगत चालु आ.व.का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये हालसम्म पनि उपभोक्ता समिति गठन हुन नसकेर सम्झौता हुन वांकी योजनाहरुको यही मिति २०७५ वैशाख २० गते भित्र उपभोक्ता समिति गठन गरी सम्झौता गरी सक्ने तथा उक्त समयसम्म पनि सम्झौता हुन नसक्ने योजनाहरुमा विनियोजित रकम सम्वन्धित वडाले निर्णय गरी अनुमोदनका लागि नगरपालिकामा पठाउने र नगरपालिकाले चालु आ.व.मा संचालन भै सम्पन्न हुन नसकेका अत्यावश्यक योजना तथा कार्यक्रममा चालु आ.व.को जेष्ठ मसान्तसम्ममा सम्पन्न हुने गरी रकम थप गरी कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

**प्रस्ताव नं. १७ : सपिङ्ग कम्प्लेक्सको भाडा असुली सम्बन्धमा ।**

**निर्णय नं.१७ :** प्रस्ताव नं.१७ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको स्वामित्वमा रहेको सपिङ्ग कम्पलेक्स भवन, इन्डोर मार्केट, मासु पसल,तरकारी पसल घरको भाडा असुली सम्वन्धमा नगर कार्यपालिका कार्यालयले सम्वन्धितलाई पटक पटक पत्राचार र ताकेता गर्दा समेत अटेर गरी बक्यौता भाडा नवुझाउनेहरुको पसल/सटर स्थानीय प्रशासनको सहयोगमा बन्द गरी भाडा असुली प्रकृया अगाडी बढाउन र आगामी दिनमा समेत नियमित भाडा नतिरी बांकी बक्यौता राख्ने व्यक्तिलाई पत्राचार गरी भाडा वुझाउन ताकेता गर्ने र ताकेता गर्दा समेत बक्यौता भाडा रकम नतिर्ने नवुझाउने व्यक्तिहरुको सटर/पसल समेत स्थानीय प्रशासनको सहयोगमा बन्द गरी भाडा असुली प्रकृया अगाडी बढाउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १८ : राजश्व परामर्श समितिको निर्णय अनुमोदन ।**

**निर्णय नं.१८ :** प्रस्ताव नं.१८ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको राजस्व परामर्श समितिबाट विभिन्न मितिमा भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १९ : घण्टाघर निर्माण आयोजना निर्माण स्थल परिवर्तन सम्बन्धमा ।**

**निर्णय नं. १९ :** प्रस्ताव नं.१९ माथि छलफल गर्दा घण्टाघर निर्माणको स्थल छनौट सम्वन्धमा मिति २०७४/१०/०७ को निर्णयानुसार वडा नं.१,व्लक नं.२१स्थित रेयुकाई भवन रहेको पूर्व तर्फको जग्गा (क्षेत्रफल करीव ०-७-०) छनौट गरिएकोमा उक्त घण्टाघर निर्माण आयोजनामा घण्टाघर सहित सो क्षेत्रमा चिल्ड्रेन पार्क, स्विमिङ्ग पुल तथा वाटर पार्क लगायतका अन्य पूर्वाधारहरु समेत थप्ने गरी गुरुयोजना तयार भएकोमा सोका लागि आवश्यक पर्ने जग्गा अप्रयाप्त हुने देखिएकोले सोका लागि वडा नं. १, व्लक नं.१९ स्थित साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यालय भवन रहेको उत्तर तर्फको (क्षेत्रफल करीव ०-१०-०) खाली जग्गामा निर्माण गर्ने गरी आयोजना स्थल परिवर्तन गर्ने र सोही अनुसार कार्यान्वयनको लागि श्री शहरी विकास तथा भवन डिभिजन कार्यालय धनगढीमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २० : रुखहरु कटानछटान सम्वन्धमा ।**

**निर्णय नं. २० :** प्रस्ताव नं.२० माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. १, व्लक नं.२३ स्थित स्थानीय वासीहरुले लिप्टिसका रुखहरु कटान गरी नयां विरुवा रोप्ने अनुमतिका लागि निर्णय प्रतिलिपि सहित निवेदन पेश गरेको तथा ईलाका प्रहरी कार्यालय, टीकापुरको च.नं. ८९५ को पत्रबाट कार्यालय परिसरका लिप्टिस लगायतका रुखहरु कटानछटान गरिदिन अनुरोध भै आएको सम्वन्धमा छलफल गर्दा उक्त दुवै स्थानमा वन वातावरण तथा विपद् व्यवस्थापन समितिलाई स्थलगत निरिक्षण गरी आगामी कार्यपालिका बैठकमा स्थलगत अवस्थाको वारेमा विस्तृत प्रतिवेदन पेश गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २१ : सीमा क्षेत्र विकास कार्यक्रमको पूजिगत बजेट विनियोजन सम्बन्धमा ।**

**निर्णय नं.२१ :** प्रस्ताव नं.२१ माथि छलफल गर्दा सीमा क्षेत्र विकास कार्यक्रम पूजिंगत शिर्षक अर्न्तगत वडा नं. ९ झुंगा स्थित श्री भानुभक्त आधारभूत विद्यालयको उच्च भवन निर्माणका लागि रकम रु. ४० लाख विनियोजन भएकोमा उक्त विद्यालय टी.न.पा. वडा नं.९ निवासी श्री विन्द्रा देवी रावलको नाममा दर्ता रहेको जग्गामा रहेको, निजले आफ्नो नामको ५ कठ्ठा जग्गा विद्यालयलाई प्रदान गर्ने लिखित प्रतिवद्धता समेत व्यक्त गरेको अवस्थामा जग्गा नामसारीको कार्य भै नसकेको र जग्गा प्रदान गर्ने लिखित प्रतिवद्धता भै सकेकोले सोही स्थानमा नै उक्त विद्यालयको भवन निर्माण गर्ने र भवन निर्माणका लागि विनियोजित सवै रकम खर्च गर्न समय अभाव भएकोले सिमा क्षेत्र विकास कार्यक्रमबाट विनियोजित रकम रु. ४० लाख मध्ये रु. २० लाख सोही विद्यालय भवन निर्माणमा खर्च गर्ने र बांकी रु. २० लाख रकम सोही वडाको चालु आ.व.मा सञ्चालित **टांडा चोकदेखि वौनिया हुंदै बटनपुर जाने वाटो कालोपत्रे योजनामा** थप गरी उक्त योजना सम्पन्न गर्ने निर्णय गरियो ।

प्रतिलिपि

प्रमुख प्रशासकिय अधिकृत

**प्रस्ताव नं. २२ :सार्वजनिक जग्गामा सार्वजनिक संरचना निर्माण सम्बन्धमा ।**

**निर्णय नं.२२ :** प्रस्ताव नं.२२ माथि छलफल गर्दा चालु आ.व.का लागि न.पा.का. बिभिन्न स्थानमा निर्माण हुने गरी स्विकृत भएका सार्वजनिक भवन निर्माणका लागि दर्ता जग्गा उपलब्ध हुन नसकेको, जग्गा खरिद गरी निर्माण गर्न स्रोतसाधन र समय नभएको तथा जग्गादाताले प्रतिवद्धता जनाएका जग्गा समेत प्राप्त भै नसकेकोले सम्बन्धित वडाबाट निर्णय सहित सिफारिस भई आएका तपशिलका सार्वजनिक निर्माण तपशिलका सार्वजनिक तथा प्राप्त हुन बांकी जग्गामा निर्माण भए पश्चात ती संरचनाको स्वामित्व नगरपालिकामै रहने गरी निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि. नं. | योजनाको नाम र स्थल | निर्माण गरिने स्थान | कैफियत |
|---|---|---|---|
| १. | शिवमन्दिरमा बैठक भवन निर्माण | वडा नं. ६,बेलुवाबोझी । | ऐलानी पर्ति जग्गा |
| २. | सामुदायिक बैठक भवन निर्माण | वडा नं. ६, लक्षिनापुर | दर्ता जग्गा (दाताबाट प्राप्त हुने प्रकृयामा रहेको) |
| ३. | सामुदायिक भवन निर्माण प्रतिपुर | वडा नं. ७ प्रतिपुर स्थित श्री पतिलाल डगौरा थारुको नाममा दर्ता श्रेष्ता भएको कि.नं. ८६ को जग्गाबाट कित्ता काट भई न.पा.लाई प्राप्त हुने हुने १ कठ्ठा जग्गामा निर्माण गर्ने गरि अनुमति प्रदान गर्ने । | सो कार्यको व्यवस्थापनको कार्य गर्न वडा नं. ७ का वडा अध्यक्ष श्री रामलाल डगौरा थारु लाई जिम्मा दिने । |
| ४. | स्वास्थ्यका लागि खोपकेन्द्र भवन निर्माण | वडा नं. ७, बैदी | ऐलानी पर्ति जग्गा |
| ५. | सामुदायिक भवन निर्माण | शिवमन्दिरको संरक्षणमा रहेको वडा नं. ३ | ऐलानी पर्ति जग्गा |
| ६. | सामुदायिक वालविकास भवन निर्माण । | वडा नं.७, बेलुवा | ऐलानी पर्ति जग्गा |
| ७. | खेल मैदानमा चेन्जिङ्ग रुम निर्माण | वडा नं.७, सत्ती | ऐलानी पर्ति जग्गा |

**प्रस्ताव नं. २३ : तलव भत्ता सम्वन्धमा ।**

**निर्णय नं. २३ :** प्रस्ताव नं.२३ माथि छलफल गर्दा यस टीकापुर नगरपालिका अन्तर्गत टीकापुर अस्पताल र विभिन्न स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारबाट सशर्त अनुदानमा तलव भत्ता वापत विनियोजित तपसिलका खर्च शिर्षकहरुमा निम्नानुसार रकम अपुग हुने देखिएकोले तलव भत्ता वापत थप रकम निकासाका लागि अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

| क.सं | वजेट शिर्षक | आवश्यक वजेट | कैफियत |
|---|---|---|---|
| १ | तलव भत्ता | ३६,००,०००।- | स्वास्थ्य चौकी तर्फ कार्यरत स्थायी कर्मचारी |
| २. | तलव भत्ता | १६,००,०००।- | टीकापुर अस्पताल तर्फ कार्यरत स्थायी कर्मचारी |
| जम्मा | | ५२,००,०००।- | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली प्रदेश नं. ७ नेपाल

प्रतिलिपि

**प्रमुख प्रशासकिय अधिकृत**

**प्रस्ताव नं. २४ : सपिङ्ग कम्प्लेक्स भवन निर्माण  सहुलियत ऋण अनुदान सम्बन्धमा ।**

निर्णय नं. २४ : प्रस्ताव नं.२४ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.१, ब्लक नं. १ स्थित टीकापुर सामुदायिक पुस्तकालय भवनको दक्षिण तर्फ संगै रहेको प्लट नं.४८४ को जग्गामा रहेको गोल घर पुरानो र जिर्ण अवस्थामा रहेको हुंदा उक्त भवनलाई हटाई सो स्थानमा आधुनिक सपिङ्ग कम्प्लेक्स भवन निर्माण गर्न भवनको डिजाईन, नक्सा र विस्तृत लागत अनुमान प्रतिवेदन तयार गर्ने लगायत उक्त आयोजना निर्माण गर्न सहुलियत ऋण अनुदान रकम माग गर्न नगर विकास कोष, नयांवानेश्वर, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २५ : कानून अधिकृत सेवा करारमा लिने  सम्बन्धमा ।**

**निर्णय नं. २५** : प्रस्ताव नं.२५ माथि छलफल गर्दा  यस नगरपालिकाको न्यायिक समितिको कार्यम्पादन, विभिन्न कानुनहरुको मस्यौदा तयारी र न.पा.को तर्फबाट कानुनी प्रतिरक्षा गर्नका लागि कानुन अधिकृत/कानुनी सल्लाहकार  नभएको, नगर कार्यपालिका कार्यालयको हालको अन्तरिम संगठन संरचनामा कानून अधिकृत दरबन्दी रहेको तर सो को  स्थायी पदपूर्ति हुन समय लाग्ने देखिएकाले माथि उल्लेखित कार्य गर्ने प्रयोजनका लागि नेपाली नागरिक भएको, उमेर २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेकों, कानुन विषयमा मान्यता प्राप्त विश्व विद्यालयबाट कम्तिमा स्नातक तह उतिर्ण गरेको र कुनै कानुनले अयोग्य नभएको व्यक्तिहरुमध्येबाट स्थायी पदपूर्ति भएमा स्वतः पदमूक्त हुने गरी अर्को व्यवस्था नभए सम्म बढीमा २०७५ आषाढ मसान्त सम्मका लागि एक जना कानून अधिकृत, अधिकृत स्तर   (छैठौं) सरहको सेवा सुविधा करार सेवा शुल्कमा विनियोजित रकमबाट उपलब्ध गराउने गरी कानुन अधिकृत अन्तरवार्ता विधिबाट छनौट गर्नका लागि ७ दिने सूचना प्रकासित गर्ने र छनौटका लागि प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा १ जना विज्ञ सदस्य र प्रशासन शाखा प्रमुख सदस्य सचिव रहने गरी छनौट समिति गठन गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

प्रतिलिपि

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
प्रदेश नं. ७, नेपाल